२०७८/०३/०४

# विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषदको बैठकका निर्णयहरु

१. बाढी, पहिरो, आगलागी, भूकम्प, महामारी जस्ता विपद्का घटनाहरु र सो बाट हुने क्षतिका सम्बन्धमा जनचेतना फैलाउनुका साथै विपद्का घटनाहरुबाट हुनसक्ने सम्भावित जोखिम न्यूनीकरणका लागि सबै मन्त्रालयहरु, प्रदेश विपद् व्यवस्थापन समितिहरु, जिल्ला विपद् व्यवस्थापन समितिहरु, स्थानीय विपद् व्यवस्थापन समितिहरु र सुरक्षा निकायहरु सबैले समन्वय गरी आ-आफ्नो कार्यलाई थप प्रभावकारी बनाउने ।

२. मनसुनका समयमा बाढी पहिरो जस्ता विपद्का घटना घट्न सक्ने र सोबाट जनधनको क्षति हुनसक्ने, पूर्वाधार, भौतिक सम्पत्ति, खानेपानी, ढलमा पुग्न सक्ने सम्भावित क्षति, त्यस्तै बस्ती जोखिममा पर्न सक्ने, अत्यावश्यक उपभोग्य वस्तु र औषधिको अभाव हुनसक्ने सम्भावनालाई दृष्टिगत गरी सरोकारवाला सबै मन्त्रालयले समयमा आवश्यक पर्ने अत्यावश्यक उपभोग्य वस्तु, उपकरण, औजारहरु, डुंगा, औषधि आदिको पर्याप्त व्यवस्था सहित विपद्को पूर्वतयारी तथा प्रतिकार्यलाई थप प्रभावकारी बनाउने ।

३. मनसुनका समयमा हुनसक्ने सम्भावित जोखिमलाई न्यूनीकरण गर्न नेपाल सरकारका सरोकारवाला मन्त्रालय, प्रदेशस्तरका मन्त्रालय र स्थानीय सरकारले आपसमा समन्वय गरी विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि तयारी अवस्थामा रहने ।

४. सबै जिल्ला विपद् व्यवस्थापन समितिले आ-आफ्नो जिल्लामा रहेका स्थानीय विपद् व्यवस्थापन समितिहरुलाई समन्वय गरी विपद्पूर्व, विपद्को अवस्थामा र विपद् पश्चात् स्वतः परिचालन हुन अनुरोध गर्ने र सो कार्यका लागि नेपाल रेडक्रस लगायत मानवीय सहायतामा काम गर्ने गैर सरकारी संस्थाहरुले आवश्यक सहयोग पुर्याउने ।

५. नेपाली सेनाले विपद्को समयमा हुने जनधनको क्षतीलाई मध्यनजर गर्दै तत्काल परिचालन हुन सक्ने गरी प्रदेश नं १ मा इटहरी, प्रदेश नं ४ पोखरा र कर्णाली प्रदेशको सुर्खेतमा हेलिकप्टर सहितको खोज उद्दार टोली तयारी अवस्थामा राखे ।

६. मनसुनको समयमा हुन सक्ने सम्भावित सडक अवरोधलाई तत्काल समाधान गर्न हेभी ईक्युपमेन्ट सहितको आवश्यक जनशक्ति रणनीतिक स्थानमा राख्न आवश्यक व्यवस्थाभौतिक योजना तथा निर्माण मन्त्रालय र अन्य सम्बद्ध निकायले मिलाउने ।

७. विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५ र विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना(२०१८-२०३०) लाई परिमार्जन सहित विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ५ को (क) बमोजिम स्वीकृति गर्ने ।

८. जल तथा मौषम विज्ञान विभागले जल तथा वर्षा मापन केन्द्रमा रहेका जल तथा वर्षा मापन उपकरणहरुलाई चालु अवस्थामा राखे । पूर्वसूचना प्रणालीलाई थप प्रभावकारी बनाउन उक्त विभागबाट

२०७५/०३/०४

प्राप्त हुने सूचनालाई मोबाईल सेवा प्रदायकहरु नेपाल टेलिकम (NTC), NCELL लगायत अन्य सेवा प्रदायक र संचार माध्यम मार्फत् जनसमक्ष पुऱ्याउने व्यवस्था संचार तथा सूचना प्रविधि मन्त्रालयले मिलाउने ।

९. प्रदेश विपद् व्यवस्थापन समिति, जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय विपद् व्यवस्थापन समिति, नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपालले सबै प्रकृतिका विपद् पूर्वतयारीका लागि आवश्यक सामाग्री तथा औजार खरीद गरि विपद् व्यवस्थापनका कार्यलाई थप प्रभावकारी बनाउने र सोको लागि आवश्यक स्रोतसाधनको व्यवस्था मिलाउने।

१०. जमिन,जल, आगलागी, हावाहुरीजस्ता प्राकृतिक एवं महामारी र मानव सिर्जित प्रकोपहरूबाट हुने विपद्हरू न्यूनिकरणका लागि गरिने उपाय, खोज तथा उद्दार, राहत वितरण र व्यवस्थापनका काममा सबै नीति तथा कार्यक्रम, संरचनाहरुलाई व्यवस्थित रूपमा अगाडि बढाईनेछ ।

११. प्रदेशका मुख्यमन्त्रीज्यूको अध्यक्षतामा गठित प्रदेशस्तरीय विपद् व्यवस्थापन समितिलाई शीघ्र पूर्णता दिई क्रियाशिल बनाइनेछ । प्रदेशस्तरमा आन्तरिक मामिला तथा कानून मन्त्रीज्यूको अध्यक्षतामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समिति गठन गरिनेछ । साथै स्थानीय निकायका प्रमुखको संयोजकत्वमा स्थानीयस्तरमा विपद् व्यवस्थापनका लागि गठित स्थानीय विपद् व्यवस्थापन समितिलाई क्षमता, स्रोतसाधन र अधिकार सहित सक्रिय बनाईनेछ ।

१२. प्रदेश तथा स्थानीयस्तरमा विपद् पूर्वतयारी, खोज तथा उद्दार, राहत वितरण एवं व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन तालिम प्राप्त जनशक्ति र स्रोत साधन सम्पन्न बनाई परिचालन गर्ने ।

१३. सरकारी निकाय, राजनीतिक दल एवं सो संग सम्बन्धित संगठनहरु, गैरसरकारी संघसंस्था एवं निजी क्षेत्र र नागरिकको समेत सहभागिता एवं सहकार्यमा विपद् व्यवस्थापनलाई थप प्रभावकारी बनाउने ।

१४. प्राकृतिक विपद्का हिसावले उच्च जोखिममा रहेका मानव बसोवास एवम् बस्तीहरुलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने कार्यलाई प्राथमिकता पूर्वक अगाडि बढाईने ।

२०७६/०४/२२

निर्णयहरुः

१. बाढी, पहिरो, डुबान, चट्याङ, आगलागी, भूकम्प, महामारी लगायतका प्राकृतिक तथा गैरप्राकृतिक विपद्को कारण हुन सक्ने क्षति न्यूनीकरणका लागि केन्द्रीय कार्यकारी समिति, प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति, जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय विपद् व्यवस्थापन समिति, सम्बद्ध संघसंस्था तथा निकायले विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी तथा प्रतिकार्य र आवश्यक राहत तथा पुनर्स्थापनाका लागि आ-आफ्नो क्षेत्रबाट आपसी समन्वयका साथ शप प्रभावकारी भूमिका निर्वाह गर्न निर्देशन दिने ।

२. विपद्को प्रकृति, मात्रा र त्यसबाट उत्पन्न परिस्थिति अनुरुप संघ, प्रदेश र स्थानीय तहबीच अधिकार, जिम्मेवारी र जवाफदेहिताको सीमाङ्कन सम्बन्धमा कानूनी मस्यौदा तयार गर्न गृह मन्त्रालयलाई निर्देशन दिने।

३. विभिन्न तहमा रहेका विपद् व्यवस्थापन कोषको प्रभावकारी परिचालन एवं राहत वितरणमा दोहोरोपना हटाउनका लागि विपद् व्यवस्थापन कोष परिचालन सम्बन्धी छाता ऐनको मस्यौदा तर्जुमा गर्न गृह मन्त्रालयलाई निर्देशन दिने ।

४. विपद्सँग सम्बन्धित एकीकृत तथ्याङ्क व्यवस्थापनका लागि गृह मन्त्रालयको संयोजनमा तयार भईरहेको विपद् व्यवस्थापन सूचना प्रणालीलाई संघ, प्रदेश र स्थानीय तहका सबै सम्बन्धित सरोकारवालाहरुले प्रयोगमा ल्याई संघ, प्रदेश र स्थानीय विपद् व्यवस्थापन समितिबाट भए गरेका कार्य र अन्य सम्बन्धित सूचनालाई एक आपसमा आदानप्रदान गर्न निर्देशन दिने ।

५. विपद्को जोखिम न्यूनीकरण एवं व्यवस्थापनका लागि साविकका विषयगत मन्त्रालय वा अन्तर्गतका निकायबाट सम्पादन हुँदै आएका कतिपय काम कारवाही हाल प्रादेशिक तथा स्थानीय तहका कार्यालयहरुबाट सम्पादन हुँदै आएकोले प्रदेश, स्थानीय तहका सम्बद्ध कार्यालयहरुबाट विपद् जोखिम न्यूनीकरण तथा सम्भावित विपद्को रोकथाम र प्रतिकार्यका लागि उद्धार तथा राहतका सामग्रीहरु प्रदेश, जिल्ला र स्थानीय स्तरमा भण्डारण गर्ने व्यवस्था मिलाउन निर्देशन दिने ।

६. विपद् जोखिम न्यूनीकरण सम्बन्धमा राष्ट्रिय नीति तथा रणनीतिक कार्ययोजना अनुरुप प्रदेश सरकार तथा स्थानीय तहले आफ्नो आवश्यकता र विपद्को प्रकृति अनुसार नीति तथा रणनीतिक कार्ययोजना तयार गरी तत्काल कार्यान्वयनमा ल्याउन निर्देशन दिने ।

७. विकासका नीति तथा योजनालाई विपद् जोखिम सूचनामा आधारित गर्ने राष्ट्रिय प्राथमिकता अनुरुप स्थानीय तहलाई आ-आफ्नो क्षेत्रको विपद्को प्रकृति अनुरुप विपद्को नक्साङ्कन तथा मूल्याङ्कन अनिवार्य रुपमा गर्नका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत् निर्देशन दिने ।

८. विपद्को समयमा हुने जनधनको क्षतिलाई मध्यनजर गर्दै सबै सुरक्षा निकायले तत्काल परिचालन हुन सक्ने गरी खोज तथा उद्धार टोली तयारी अवस्थामा राख्न निर्देशन दिने ।

९. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको मिति २०७५।१२।२२ को बैठकबाट सिफारिस भई पेश भएको विपद् पश्चातको शव व्यवस्थापन सम्बन्धी मार्गदर्शन, २०६८ (प्रथम संसोधन, २०७६) स्वीकृत गरियो ।